बैठक नं. १५

आज मिति २०७९ माघ १७ गते मंगलबार[redacted]का दिन यस देवचुली नगरपालिकाको नगर प्रमुख श्री हरि प्रसाद न्यौपाने ज्यूको अध्यक्षतामा १४ औ कार्यपालिका बैठक बस्यो ।

**उपस्थिती**

| सि.न | नाम थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | श्री हरि प्रसाद न्यौपाने | नगर प्रमुख | |
| २ | श्री पार्वता तिवारी | नगर उप-प्रमुख | |
| ३ | श्री तिलप्रसाद काफ्ले | नगर प्रवक्ता | |
| ४ | श्री कृष्ण बहादुर के.सी | सदस्य | |
| ५ | श्री शरद प्रसाद घिमिरे | सदस्य | |
| ६ | श्री होमनाथ पौडेल | सदस्य | |
| ७ | श्री गिर बहादुर थापा क्षेत्री | सदस्य | |
| ८ | श्री कृष्ण प्रसाद सापकोटा | सदस्य | |
| ९ | श्री मिन बहादुर सोती | सदस्य | |
| १० | श्री भुमिसरा आले | सदस्य | |
| ११ | श्री नुन प्रसाद बाचे | सदस्य | |
| १२ | श्री बलिराम सापकोटा | सदस्य | |
| १३ | श्री रेप्ती कुमार घर्ति | सदस्य | |
| १४ | श्री लोक प्रसाद भुर्तेल | सदस्य | |
| १५ | श्री एकदेव पौडेल | सदस्य | |
| १६ | श्री गोपाल थापा | सदस्य | |
| १७ | श्री सुरेश कुमार रानाभाट | सदस्य | |
| १८ | श्री केशव राज गौतम | सदस्य | |
| १९ | श्री गणेश शर्मा चालिसे | सदस्य | |
| २० | श्री गोमा देवी पौडेल | सदस्य | |
| २१ | श्री मधु माया गुरुङ | सदस्य | |
| २२ | श्री फुल माया वि.क | सदस्य | |
| २३ | श्री पार्वती कंडेल | सदस्य | |
| २४ | श्री जानकी देवी गुरौ (लामिछाने) | सदस्य | |
| २५ | श्री विद्या बहादुर विश्वकर्मा | सदस्य | |
| २६ | श्री जय बहादुर वि.क | सदस्य | |
| २७ | श्री गिता देवी बोटे | सदस्य | |
| २८ | श्री मोहन प्रसाद मरासिनी | सदस्य सचिब | |

Scanned with CamScanner

देवचुली नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
नवलपरासी (ब.सु.पू.)
गण्डकी प्रदेश, नेपाल

अन्य उपस्थिति

हरिप्रसाद न्यौपाने
नगर प्रमुख

१. जिवनलाल श्रेष्ठ प्रा. अ. आठौं तह प्रशासन तथा योजना शाखा
२. विनोद अर्याल लेखा अधिकृत, आर्थिक प्रशासन शाखा
३. टिकाराम बढ्याल इन्जिनियर, पूर्वाधार शाखा
४. कृष्ण हरी सापकोटा सूचना प्रविधि अधिकृत, सूचना शाखा

**१४ औ कार्यपालिका बैठकको छलफलका विषय/बैठक मिति २०७९ माघ १७ गते**

१। अगील्लो बैठकको निर्णय समिक्षा सम्बन्धमा,
२। दलदले मुण्डे कुमसोत सडकको मापदण्ड सम्बन्धमा,
३। बौलाहाखोलाबाट ढुङ्गा गिटी बालुवा उत्खनन गर्ने सम्बन्धमा,
४। मन्त्रिपरिषदको निर्णय कार्यान्वयन गर्ने सम्बन्धमा ,

देवचुली नगरपालिकाको चौधौ कार्यपालिका बैठकबाट देहायका निर्णयहरु सर्बसम्मत रुपमा गरियो ।

१। तेह्रौ नगर कार्यपालिका बैठकबाट भएका निर्णयहरुको कार्यान्वयन अवस्थाका बारेमा समिक्षा गरी कार्यान्वयन हुन बाँकी निर्णयहरु तत्काल कार्यान्वयनमा लैजान कार्यालयलाई निर्देशन दिने ।

१। साविक जिल्ला विकास समिति नवलपरासीबाट मिति २०६०' साल भाद्रमा स्वीकृत गरेको जिल्ला सडक यातायात गुरुयोजना (DTMP) मा दलदले–मुण्डे–कुमसोत सडकलाई जिल्ला सडक भित्र राखी उक्त सडकको क्षेत्राधिकार २० मिटर कायम गरेको र साविक प्रगतिनगर गाउँ विकास समितिले पनि सोही आधारमा घरनक्सा पास गर्ने प्रणाली बसाल्दै आएकोमा मिति २०७१ बैशाख २५ गते देवचुली नगरपालिका घोषणा भएपछि सोही २० मिटरलाई नै सडकको क्षेत्राधिकार मानी घरनक्सा पास हुदै आएकोले दलदले–मुण्डे–कुमसोत सडकको क्षेत्राधिकार २० मिटर नै कायम गर्ने । साथै दलदले–मुण्डे–कुमसोत सडक विस्तार अन्तर्गत भौतिक पुर्वाधार विकास कार्यालय नवलपरासी ( ब.सु.पु.) बाट चालु आर्थिक बर्ष ०७९/०८० मा भएको बोलपत्र आव्हान बमोजिमको कामको हकमा सडकको दायाँबायाँ रहेका कुनैपनि पक्की भौतिक संरचनाहरु नभत्काउने गरी आयोजनाले गरेको डिजाइन, इष्टमेट र नक्सा अनुसार सडकको बीचबाट दायाँबायाँ गरी १०.५ मिटर कालोपत्रे गर्ने, सडकको दुबै तर्फ साइडमा १.२५ मिटरको पक्की नाली निर्माण गर्ने र बाकी भागमा सडक पेटी बनाउने गरी काम अगाडी बढाउने । यसैगरी दलदले मुण्डे कुमसोत सडक खण्ड अन्तर्गत मुण्डे देखि कुमसोत सम्मको सडकको विस्तृत बातावरणीय परीक्षण (EIA) गर्ने र उक्त खण्डको सडक विस्तार कार्य गर्ने, मुण्डे कुमसोत सडक खण्डको काम सम्पन्न भएपछि सडकको बाकी खण्डमा क्रमश सडक विस्तार कार्यगर्नेमा नगरपालिकाले आवश्यक समन्वय र सहजीकरण गर्ने ।

२। देवचुली नगरपालिका भएर बग्ने बौलाहा खोलाबाट निस्कने ढुङ्गा, गिटी, बालुवाको उत्खनन् गरी विक्री गर्ने सन्दर्भमा प्रारम्भिक बातावरणीय परीक्षण गरी स्वीकृतिको लागि राष्ट्रपति चुरे तराई मधेस संरक्षण विकास समितिमा पठाइएकोमा त्याँहाबाट विभिन्न निर्देशन सहित मिति २०७९ माघ १६ गते नदिजन्य पदार्थ उत्खनन, संकलनका लागि सहमती प्राप्त भएकोले प्राप्त निर्देशनको पालना गरी उत्खनन तथा संकलनको प्रकृया अगाडी बढाउन कार्यालयलाई निर्देशन दिने,

३। नेपाल सरकार मन्त्रिपरिषद्को मिति २०७९ माघ ११ गतेको निर्णय कार्यान्वयनका सन्दर्भमा संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट लेखि आएकोमा "दर्ता भई संचालनमा रहेका तर मापदण्ड लगायतका कारण नविकरण हुन नसकेका क्रसर उद्योगको हकमा ती उद्योगबाट कानुन बमोजिम लाग्ने कर, दस्तुर, शुल्क लगायतका राजश्व लिई २०८० असार मसान्त सम्म यथाबत रुपमा संचालन गर्ने" भन्ने निर्णय यस नगरपालिकाबाट कार्यान्वयन गर्नुपर्ने भएकोले देबचुली नगरपालिका भित्र रहेका सबै क्रसर उद्योगीलाई मन्त्रिपरिषद्को निर्णय अनुसार तिनुपर्ने कर, दस्तुर तथा शुल्क १५ दिन भित्र नगरपालिकामा बुझाउन अनुरोध गर्ने र निर्णय अनुसार कर दस्तुर शुल्क नबुझाएमा सोको जानकारी सम्बन्धित सबै निकायलाई गराउने,

हरिप्रसाद न्यौपाने
नगर प्रमुख

Scanned with CamScanner